# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

### इटहरी उपमहानगरपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३।०३।१९ गते

इटहरी उपमहानगरपालिकाद्वारा आ.व. २०८३।८४ का लागि आर्थिक ऐन २०८२ को दफा २०, इटहरी उपमहानगरपालिकाको आन्तरिक आय ठेक्का व्यवस्थापन कार्यविधि २०८२, तथा प्रचलित कानून बमोजिम आन्तरिक आय ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले तपसिलका शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम वार्षिक ठेक्का अङ्क रु. मु.अ.क. सहित | सिलबन्दी दरभाउपत्र फारम दस्तुर रु. | सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउपत्र फारम बुझाउने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | ITR/SQ/06R/082/83 (राजस्व) | लविपुर बिहिबारे हाटकर वडा नं. १७ | एक वर्ष | ४,३१,०००। | १०००। | २०८३।०३।२५ गते कार्यालय समय भित्र | २०८३।०३।२६ गते दिउसो १२:०० बजे सम्म | २०८३।०३।२६ गते दिउसो २:०० बजे |

शर्तहरुः

१. शिलबन्दी दरभाउपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी तोकिएको मिति र समय भित्र यस कार्यालयको राजस्व शाखाबाट खरिद गर्नुपर्नेछ ।

२. शिलबन्दी दरभाउपत्रसाथ कबुल गरेको अङ्कको ५% ले हुन आउने रकम जमानत बापत यस कार्यालयको नाममा रहेको नेपाल बैङ्क लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३००००३०००००००१ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त "क" वर्गको वाँणिज्य बैंकबाट कम्तिमा ९० दिन म्याद कायम रहेको बैंक जमानत पत्र संलग्न राखी दरखास्त पेश गर्न सकिनेछ।

३. शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट उल्लिखित कार्यहरु गरिनेछ।

४. छुट्टा-छुट्टै ठेक्काको दरभाउपत्र फारम छुट्टा-छुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम र छाप स्पष्ट लेखी यस कार्यालयको नाम उल्लेख गरि पेश गर्नु पर्नेछ।

५. रीतपूर्वक दाखिला भएको शिलबन्दी दरभाउपत्रहरु तोकिएको मिति र समयमा यसै कार्यालयमा कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन।

७. दरभाउपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजस्व कार्यालयमा फर्म दर्ता भई आ.व. २०८१।८२ को कर चुक्ताको प्रतिलिपि, नवीकरण भएको फर्मको प्रतिलिपि, नविकरण भएको व्यवसाय दर्ताको प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्नेछ ।

८. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैले बुझाउनु पर्नेछ।

९. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात) दिन भित्र नियमानुसार सम्झौता गर्न उपस्थिति हुनु पर्नेछ।

१०. नेपाल सरकारले जारी गरेको निशेधाज्ञाको बखतमा ठेक्का सञ्चालन नभएमा सो समय हिसाब गरी ठेक्का रकम दामासाहीले घटाइनेछ।

११. कबुल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिइनेछ । एकमुष्ठ नबुझाएको अवस्थामा सम्पूर्ण कबुल गरेको ठेक्का रकमलाई बढीमा ४ (चार) किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता भएको बखतमा र बाँकी किस्ता सम्झौतामा तोकिएको अवधिमा दामासाहीले दाखिला गर्नु पर्नेछ । प्रथम किस्ता बाहेक बाँकी रकमको हकमा २०८४ असार मसान्तसम्म म्याद कायम रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता

०८३।०३।१८

सन्तोष ढकाल
अधिकृतस्तर आठौं

महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्राप्त बैङ्कबाट जारी गरिएको बैङ्क ग्यारेण्टी पेश गर्नु पर्नेछ । एक वर्ष भन्दा बढी अवधिको ठेक्काको हकमा सम्पुर्ण वर्षको एकमुस्ट रकम अग्रिम रुपमा बुझाएमा मात्र १० प्रतिशत छुट दिइनेछ ।

१२. एक वर्ष भन्दा बढी अवधिको ठेक्काको हकमा एक वर्षको कबुल रकम बराबरको कम्तिमा १३ महिना म्याद कायम भएको बैङ्क ग्यारेन्टी पेश गर्नुपर्नेछ र सो बैङ्क ग्यारेन्टीको म्याद सकिनु अगावै ठेक्काको सम्झौता अवधिसम्म प्रत्येक वर्ष बैङ्क ग्यारेन्टीको म्याद थप गरी पेश गर्नुपर्नेछ । बैङ्क ग्यारेन्टीको म्याद थप गरी पेश गर्न नसकेको अवस्थामा म्याद कायम भएको बैङ्क ग्यारेन्टी जफत गरी ठेक्का रद्द गर्न सकिनेछ ।

१३. ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्न ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैङ्क ग्यारेण्टीबाट बाँकी रकम असुल उपर गर्न सकिनेछ ।

१४. ठेकेदारले आय सङ्कलनका लागि लिइएको ठेक्कामा उपमहानगरपालिकाले तोकेको दर भन्दा बढी रकम लिन पाइने छैन । बढी लिइएको पाइएमा वा लिइएको ठहरेमा ठेकेदारलाई जरिवाना असुल गरी कानून बमोजिम कारबाही गर्न सकिनेछ ।

१५. ठेक्का सञ्चालन गर्दा उपमहानगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कानूनी कारवाही गरिनेछ ।

१६. कर, शुल्क, दस्तुर असुल गर्ने प्रयोजनका लागि उपमहानगरपालिकाले तोकेको ढाँचाको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई उपमहानगरपालिकामा अभिलेख प्रमाणित गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइने छ ।

१७. दरभाउ पत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी प्रचिलित ऐन नियमानुसार त्यो भन्दा लगत्तै पछिल्लो बढी कबुल गर्नेसँग सम्झौता गरिनेछ ।

१८. साबिक गाबिस तथा साबिक इटहरी उपमहानगरपालिकाले लगाएको ठेक्का लिई ठेकेदारबाट कबुल अंक चुक्ता नगरी ठेक्का रकम बक्यौता रहेको थाहा पाइएमा निजबाट दाखिला हुन आउने ठेक्का स्वीकृत गरिने छैन।

१९. कुनै पनि चिठ्ठी, तार, टेलिफोन, फ्याक्सबाट आएको बोलपत्रलाई मान्यता दिइने छैन।

२०. यस ठेक्का सम्वन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र उक्त निर्णय दुबै पक्षलाई मान्य हुनेछ ।

२१. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

२२. नेपाल सरकार, अदालत र यस कार्यालयको आदेश, निर्देशन र निर्णयको अक्षरस पालना गर्नु पर्नेछ ।

२३. कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस कार्यालयको राजस्व प्रशासन शाखामा आई बिस्तित विवरण बुझ्न सकिनेछ ।

२४. कर, दस्तुर, शुल्क सङ्कलनको दररेट सहितको सुची ठेक्का सम्झौता गर्दा उपलब्ध गराइनेछ। उक्त सुचीको वोर्ड सम्झौता अवधीभर सबैले देख्ने ठाउँमा राखी सुचीमा उल्लिखित दररेट अनुसार मात्र शुल्क उठाउन पर्नेछ।

२५. सबै हटियाको ठेक्का सकार गर्नेले हटिया लाग्ने क्षेत्रमा हटिया लाग्ने दिनको एक दिन अगाडि र पछाडि जुन ठेक्का सकार गरेको हो सोही ठेकेदार आफैंले सो क्षेत्र सरसफाई गर्नु पर्नेछ।

२६. यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

२७. विस्त्रित जानकारीका लागि कार्यालयको वेभसाइट www.itaharimun.gov.np मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

०७४।०३।१८
सन्तोष ढकाल
अधिकृतस्तर आठौं

प्रमुख प्रशासकीय अधिकृत
महेश पराजुली
प्रमुख प्रशासकीय अधिकृत